# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. नेपालबाट बेस्ट फाइनान्स लिमिटेडको एकीकृत कारोबार शुभारम्भ

गभर्नर डा. चिरंजीबी नेपालले २०७५ साउन १७ गते काठमाडौंमा आयोजित एक समारोहका बीच बेस्ट फाइनान्स लिमिटेडले सिनर्जी फाइनान्स लिमिटेडलाई प्राप्ति गरी बेस्ट फाइनान्स लिमिटेडको एकीकृत कारोबारको शुभारम्भ गर्नुभयो ।

दिँदै गभर्नर डा. नेपालले बैंक तथा वित्तीय संस्थाका उच्च व्यवस्थापन सर्वसाधारणको निक्षेपको सुरक्षामा हरपल सजग रहनुपर्ने बताउनु भयो ।

देशको अर्थतन्त्रको आकार बढ्दै गए अनुसार बैंक तथा वित्तीय संस्थाहरुको पुँजी पनि बढ्दै जानु पर्ने




सो अवसरमा मन्तव्य व्यक्त गर्दै गभर्नर डा. नेपालले नियामक निकायको नीति निर्देशन पालना गर्ने र संस्थागत सुशासन कायम गर्ने बैंक तथा वित्तीय संस्थाहरुमा समस्या नआउने धारणा व्यक्त गर्नुभयो ।

बैंक तथा वित्तीय संस्थाहरुले बढी नाफा कमाउने भन्दा पनि संस्थाको उद्देश्य अनुरुप वित्तीय मध्यस्थताको कार्य स्तरीय र प्रभावकारी रुपमा सम्पादन गर्ने तर्फ ध्यान केन्द्रित गर्नु पर्नेमा जोड

विचार व्यक्त गर्दै गभर्नर डा. नेपालले तीन वर्ष अगाडि बैंक तथा वित्तीय संस्थाहरुको पुँजी वृद्धि गर्ने सम्बन्धमा केन्द्रीय बैंकले लिएको निर्णय सही सावित हुँदै आएको बताउनु भयो ।

समारोहमा गभर्नर डा. नेपालले साविक सिनर्जी फाइनान्स लिमिटेड र बेस्ट फाइनान्स लिमिटेडका सञ्चालकहरुलाई सम्मानपत्र वितरण गर्नुभएको थियो ।

२०७५ साउन १७ गते बिहीबार

गभर्नरको कार्यालय